# खर्क सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७३

## पृष्ठभुमी

प्राकृतिक चरन क्षेत्र, घाँसे मैदान एवं झाडी बुट्यान क्षेत्र समेटिएको 'खर्क' उपयोगको सदियौ देखि मानब सभ्यतासँग जोडिएको छ । खर्क स्थानिय समुदायको जिविकोपार्जन, राष्ट्रको आर्थिक विकासको आधार स्तम्भ र जैविक विविधताको भण्डार पनि हो । नेपालको कुल भू-भागको करिब २२.६% क्षेत्रफल खर्क क्षेत्रले ओगटेको छ । जुन उच्च, मध्य र तल्लो पहाडी भागमा छरिएर रहेको छ । जडिबुटी, वन्यजन्तुको वासस्थान, घरपालुवा जनावरहरुको जीवन धान्ने श्रोत, नदीनालाको पानीको श्रोत, मनोरम दृष्यहरुका साथै बैज्ञानिक, ऐतिहासिक धार्मिक तथा सांस्कृतिक महत्वका यस्ता क्षेत्रहरु र अनादिकाल देखि नै मानब जीवनयापनको अभिन्न अंशको रुपमा रहेका छन् । गाउँ बस्तीबाट टाढा उच्च, मध्य र तल्लो पहाडको चुरे क्षेत्रको आसपासमा रहेका यस्ता खर्क र यिनमा आश्रित स्थानिय समुदायको खस्किदो अबस्थालाई दृष्टिगत गर्दै नेपाल सरकारको खर्कहरुको वैज्ञानिक व्यबस्थापन, संरक्षण, उपयोग गरि दिगो रुपमा विकास गर्ने कार्यकमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शि रुपले कार्यान्वियन गर्न नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयले यो कार्यबिधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "खर्क सुधार कार्यक्रम संचालन कार्यबिधि २०७३" रहनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"मन्त्रालय"** भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

(ख) **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

(ग) **"निर्देशनालय"** भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

(घ) **"कार्यालय"** भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

(ङ) **"कार्यविधि"** भन्नाले "खर्क सुधार कार्यक्रम संचालन कार्यबिधि २०७३" सम्झनु पर्छ ।

(च) **"कार्यक्रम"** भन्नाले खर्क विकास कार्यक्रम सम्झनु पर्छ ।

(छ) **"सेवा"** भन्नाले खर्क ब्यबस्थापन तथा सुधार सेवा सम्झनु पर्छ ।

(ज) **"केन्द्र"** एकिकृत खर्क विकास केन्द्र सम्झनु पर्छ ।

(झ) **"समूह"** भन्नाले खर्क उपयोग गरिरहेका उपभोक्ताहरुको समूह सम्झिनु पर्दछ ।

(ञ) **"ब्यवस्थापन समिति"** भन्नाले बिभागीय स्तरका प्रतिनिधि तथा सम्वन्धित सरकारी/गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधिहरु तथा आमन्त्रित सदस्यहरु समेतको उपस्थिति रहने गरि गठित समिति सम्झनुपर्छ ।

(ट) **"समन्वय समिति"** भन्नाले जिल्ला अर्न्तगत स्थानीयस्तरमा भएका सम्वन्धित सरकारी/गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधि तथा आमन्त्रित सदस्यहरु समेतको उपस्थिति रहने गरि गठित समिति सम्झनुपर्छ ।

(ठ) **"खर्क उपभोक्ता समिति"** भन्नाले खर्क उपयोग गरिरहेका पायक पर्ने गाउँ बिकास समिति क्षेत्रका सम्बन्धित खर्क उपभोक्ताहरु मध्येबाट गठन भएको कार्यकारिणी समिति सम्झिनु पर्दछ ।

**३ उद्धेश्यहरु : यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम रहेका छन**

३.१ जनसहभागितामा खर्कहरुको स्तरोन्नति गर्दै दुध, मासु तथा उनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

३.२ खर्कमा आधारित उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न खर्क उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने

३.३ पशुजन्य उत्पादनको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने ।



४९

३.४ खर्कहरुको जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र बैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।

३.५ सरकारी, गैरसरकारी तथा निजि संस्थाहरुको क्षमता अभिबृद्धि गर्दै श्रोत केन्द्र सुदृढीकरण र दिगो सेवा प्रदान गर्ने ।

४. अपेक्षित प्रतिफल :

खर्कहरुको दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरण मैत्री प्रविधिहरु अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्बन गर्ने कार्य सहजतापूर्वक सम्पन्न हुनेछ ।

४.१ बीस हजार हेक्टर खर्क क्षेत्रको स्तरोन्नति गर्दै स्थानिय तथा उन्नत जातका घांस विकास गर्ने ।

४.२ चरन, घासेवाली तथा समग्रमा पशु उत्पादन बृद्धि हुने कार्यक्रमहरुको संचालनबाट आगामी पाँच बर्षमा कृषकहरुको आयश्रोतमा बृद्धि गर्ने ।

४.३ खर्कहरुको जैविक विविधता र अनुवाशिक भिन्नताको अभिलेख तयार हुने ।

४.४ उच्च तथा मध्य पहाडि क्षेत्रहरुमा हे उत्पादन कार्यलाई प्रबद्धन गर्ने ।

४.५ खर्क विकास कार्यक्रम मार्फत ५० वटा श्रोत केन्द्रहरु स्थापना तथा संचालन गर्ने ।

४.६ चरिचरन गर्दा वन्यजन्तुबाट क्षति हुने पशुहरुको संरक्षणका लागि १०० स्थानहरुमा Protection from Predator कार्यक्रम संचालन हुने ।

४.७ तालिम संचालन कार्यक्रम मार्फत ६००० कृषक तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि हुने ।

४.८ उच्च तथा मध्य पहाडी क्षेत्रमा अवस्थित र प्रयोगमा नरहेको खर्क प्रयोमा ल्याउनको लागि १०,००० मिटर घोडेटो बाटो निमार्ण हुने ।

४.९ चरिचरनमा रहने गरेका पशु र वन्यजन्त्तुका लागि १०० वटा पानी जम्मा हुने स्थान (Water Stock) निमाण हुने ।

४.१० पशुहरुलाई आवतजावत गर्न कठिनाई हुने स्थलहरुका स-सना खोलाहरुमा ५०० गोटा काठेपुलको निमार्ण हुने ।

४.११ खर्कहरुमा चर्ने पशुहरुलाई स्वास्थ्य सेवा प्रदान गरिने ।

## परिच्छेद २
## कार्यक्रम सम्बन्धि

**५. कार्यक्रमको अवधि** : नेपाल सरकारबाट स्वीकृत भएको खर्क नीति २०६८ मा उल्लेख भएका प्राबधानहरुलाई कार्यान्वियन गर्नका लागि प्रारम्भिक रुपमा ५ बर्षको लागि खर्क विकास सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ

**६. कार्यक्रम लागू हुने स्थान** :

चरनका लागी प्रचुर क्षेत्र रहेको, स्थानीय तथा उन्नत जातका भेडा, बाखा, चौंरी, गाई, भैसी,घोडा,खच्चड,गधाहरु पर्याप्त संख्यामा रहेका, चरिचरन प्रणालीमा आश्रित, पशुजन्य पदार्थ (दुध, मासु,चीज, उन, पश्मिना आदि) उत्पादन तथा विक्री वितरणको लागि सम्भाबना रहेको क्षेत्रहरुमा यो कार्यक्रम संचालनको लागि छनौट गरिने छ । यसै अनुसार नेपालका उच्च र मध्य पहाडका जिल्लाहरुमा (अनुसुचि १ बमोजिम) यो कार्यक्रम संचालन गर्न सकिने छ । संभाव्यताको आधारमा आगामी बर्षहरुमा थप जिल्लाहरुमापनि यो कार्यक्रम बिस्तारगर्न सकिने छ ।

(क) कार्यक्रम संचालन भएका जिल्लाहरुमा एकिकृत खर्क विकास केन्द्रहरुको स्थापित गरी कार्यक्रम संचालन गरिने छ ।

(ख) एकिकृत खर्क विकास केन्द्रहरुको स्थापना गर्दा सम्वन्धित पशु सेवा केन्द्र, खर्क उपभोक्ता समिति, लगायत अन्य सरोकारवालाहरुसँगको संलग्नतामा र सहकार्यमा सम्वन्धित जिल्ला पशु सेवा कार्यालयले गठन गर्नेछ । एक खर्क विकास केन्द्र कम्तीमा दुई खर्क उपभोक्ता समितिहरु रहनुपर्ने छ । एक खर्क विकास केन्द्रमा एक उपभोक्ता समितिबाट दुई जना प्रतिनिधि र अन्य सरोकारवालाहरुमा हरेकबाट एक प्रतिनिधि खर्क विकास केन्द्रका सदस्यहरु रहने र सदस्यमध्येबाट दफा ९ ग बमोजिम खर्क सञ्चालन समिति गठन गरिनेछ।

(ग) यस कार्यबिधिले अनुसुची १ अनुसार क) उच्च पहाडी चरन विकास तथा पशुपंन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम ख) खर्क नीतिमा आधारित पशु आहारा विकास कार्यक्रम संचालन गर्ने स्पष्ट पार्दछ।

## परिच्छेद ३
## संस्थागत संरचना

७. समिति गठन

खर्क विकासका कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न स्थानीयस्तर वा समुदायस्तरमा खर्क बिकासको लागि खर्क उपभोक्ताहरुको समूह/समिति गठन गरिने छ । त्यस्तै एक भन्दा बढि जिल्लाहरु संलग्न हुने खर्कहरुको हकमा क्षेत्रीय स्तरमा आवश्यकता अनुसार समन्वय समिति गठन गरिने छ । जिल्ला स्तरमा जिल्ला समन्वय समिति गठन हुने छ र जिल्ला समन्वय समितिले आवश्यकता अनुसार स्थानीयस्तरमा भएका सम्बन्धित अन्य सरकारी/गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा मनोनयन गरि खर्क विकासको साझेदारी र सहभागिता जुटाउन पहल गर्नेछ।

**७.१ खर्क उपभोक्ता समुह**

सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारीसमा खर्क उपयोग गरिरहेका गाउँ बिकास समिति क्षेत्रका कम्तिमा १० घरधुरीहरु मिलाई खर्क उपभोक्ता समुह गठन गरी सम्बन्धित जिल्ला वन कार्यालयमा दर्ता गर्ने र त्यस समुहमा ५ देखि ९ जना सम्मको कार्यकारिणी समिति रहनेछ । समुहले सर्वसम्मतिबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष छनौट गर्नेछ ।

**७.१.१ खर्क उपभोक्ता समुहको कार्य क्षेत्र:**

क) खर्क संरक्षण, उपयोग र सम्बर्द्धन सम्बन्धी कार्यहरु बारे कृषकस्तरमा जनचेतना अभिबृद्धि तथा कार्यक्रमहरु संचालन गर्ने ।
ख) जिल्ला समन्वय समितिको निर्देशन कार्यान्वयन गर्ने ।
ग) स्थानिय सरोकारवालाहरुसंग समन्वय गरीं योजना तर्जुमा, श्रोत ब्यबस्थापन तथा कार्यान्वन गर्ने ।
ग) स्थानयिस्तरमा आबश्यकता अनुसार खर्क सुधारको लागि आवधिक तथा बार्षिक योजना तर्जुमा गरि जिल्ला समन्वय समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
घ) समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्ने ।

**७.२ खर्क उपभोक्ता समिति :**

सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट कम्तिमा ३ गोटा खर्क उपभोक्ता समुह मिलाई खर्क उपभोक्ता समिति गठन गर्ने र त्यस समितिमा प्रत्येक खर्क उपभोक्ता समुहबाट प्रतिनिधित्व हुने गरि ५ देखि ९ जना सम्मको कार्यकारिणी समिति रहनेछ । समितिले सहभागितामूलक प्रकृयाबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष छनौट गर्नेछ । एक जिल्लामा एक मात्र खर्क उपभोक्ता समुह रहेको अबस्थामा समिति रहने छैन ।

**७.२.१ खर्क उपभोक्ता समितिको कार्य क्षेत्र:**

क) खर्क संरक्षण, उपयोग र सम्बर्द्धन सम्बन्धी कार्यहरु बारे कृषकस्तरमा जनचेतना अभिबृद्धि तथा कार्यक्रमहरु संचालन गर्ने ।
ख) जिल्ला समन्वय समितिको निर्देशन कार्यान्वयन गर्ने ।
ग) समितिको आचार संहिता र विधान बनाउने ।
घ) स्थानिय सरोकारवालाहरुसंग समन्वय गरी योजना तर्जुमा, श्रोत जुटाउने तथा कार्यान्वन गर्ने ।
घ) स्थानयिस्तरमा आबश्यकता अनुसार खर्क सुधारको लागि आवधिक तथा बार्षिक योजना तर्जुमा गरि जिल्ला समन्वय समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ।
च) समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्ने ।



51

# परिच्छेद ४
# सेवा सञ्चालन सम्बन्धी

**८. सेवा सञ्चालन प्रकृया :**

(क) यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन प्रकृया अनुसुची ३ मा तोकिए बमोजिम हुने छ ।

**९.सामुदायिक खर्क विकास अनुदान कार्यक्रम**

(क) एकिकृत खर्क विकास केन्द्रहरुको दिगो संचालनको लागि प्रत्येक केन्द्रमा सामुदायिक खर्क विकास अनुदान कार्यक्रम संचालन गरिने छ ।

(ख) स्थानिय स्तरमा सेवा संचालन गर्न तथा दफा ९ (क) बमोजिमको अनुदान कार्यक्रमा परिचालन गर्न र खर्क विकास कार्यक्रम संचालन गर्न सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट गठन भएको देहाय अनुसारको एकिकृत खर्क विकास केन्द्र सञ्चालक समिति रहने छ :

| | |
|---|---|
| अध्यक्ष | एक |
| सचिव | एक |
| कोषाध्यक्ष | एक |
| सदस्य | स्थानीय निकाय |
| सदस्य | प्रतिनिधिहरु, उपभोक्ता समिति |
| सदस्य सचिव | प्रमुख, सम्बन्धित पशु सेवा केन्द्र |

(ग) एकिकृत खर्क विकास केन्द्र सञ्चालक समितिमा अध्यक्ष, सचिब, कोषाध्यक्ष छनौट गर्दा खर्क उपभोक्ता समितिका प्रतिनिधि मध्येबाट चयन गरिनेछ । आवश्यकता अनुसार आमन्त्रित सदस्य राख्न सकिनेछ । खर्क उपभोक्ता समिति मिलाई एक वटा एकिकृत खर्क विकास केन्द्र गठन गरिने छ ।

(घ) बुँदा नं. ९ (ख) बमोजिम गठित एकिकृत खर्क विकास केन्द्र संचालक समितिको काम, कर्तव्य तथा अधिकार तपसील बमोजिम हुनेछ :

१. एकिकृत खर्क विकास केन्द्र सन्चालन गर्न अनुसूची ५ बमोजिम सम्झौता गर्ने ।
२. सम्झौता अनुसार कार्यक्रम संचालन गर्ने ।
३. संचालन गरिएका कार्यक्रमको सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।
४. प्राविधिकको पारिश्रमिक निर्धारण गर्ने ।
५. कार्य प्रगति जिल्ला पशु सेवा कार्यालय र सम्बन्धित निकायमा पठाउने ।
६. जिल्ला पशु सेवा कार्यालयले तोकेको अन्य कार्य गर्ने ।

**१०. सामुदायिक खर्क विकास अनुदान संचालन :**

बुँदा नं. ९ बमोजिम स्थापना भएको सामुदायिक खर्क विकास अनुदान कार्यक्रम संचालन देहाय अनुसार गरिनेछ :

(क) दफा ९ बमोजिमको अनुदान रकम नजिकको बैंक/बित्तिय संस्थामा सम्बन्धित एकिकृत खर्क विकास केन्द्र संचालक समितिका अध्यक्ष वा सचिव वा कोषाध्यक्ष मध्ये कुनै दुई जना र जिल्ला पशु सेवा कार्यालका प्रतिनिधिको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरि बचत खाता खोली जम्मा गर्नु पर्नेछ ।

(ख) अनुदान रकम सम्बन्धित संस्थाको निर्णयानुसार देहायको प्रयोजनको लागि खर्च गरिनेछ ।

१. पशुपालनको लागि कृषकहरुलाई खर्क विकास सम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्ने सेवा प्रदायकलाई समितिको निर्णय अनुसार सेवा शुल्क प्रदान गर्न ।
२. घाँसको बीउ उत्पादन भएपछि बिक्री हुने समयसम्मको लागि खरिद गर्ने ।
३. श्रोत मुल बीउ खरिद गर्नको लागि ।
४. दैविक प्रकोपबाट हुने क्षतिको लागि अनुदान दिने ।
५. खर्क संरक्षण सम्बन्धि सम्पूर्ण कार्यको लागि ।
६. समितिको निर्णय अनुसार खर्क विकाससँग सम्बन्धित अन्य प्रयोजनको लागि ।



S2

११. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन ,लेखाकंन , २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४सार्वजनिक खरिद ऐन ,, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१२. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।



53

अनुसूची १
कार्यक्रम सञ्चालन गरिने जिल्लाहरु

१. (आ.व. २०७३/०७४) (२० जिल्ला)
क) उच्च पहाडी चरन विकास तथा पशुपंन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम १० जिल्ला

पूर्वाञ्चल- ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु,
मध्यमाञ्चल- दोलखा, रसुवा, सिन्धुपालचोक,
पश्चिमाञ्चल- मनाङ, गोरखा,
मध्यपश्चिमाञ्चल -हुम्ला
सुदुरपश्चिमाञ्चल-दार्चुला

ख) खर्क नीतिमा आधारित पशु आहारा विकास कार्यक्रम १० जिल्ला

पूर्वाञ्चल- ओखलढुङ्गा
मध्यमाञ्चल- रामेछाप, धादिङ्ग
पश्चिमाञ्चल- गुरुताङ, म्याग्दी, लमजुङ्ग
मध्यपश्चिमाञ्चल -जूम्ला डोल्पा, मुगु
सुदुरपश्चिमाञ्चल-बाजुरा

## अनुसुचि २
## कार्यक्रम सञ्चालन सम्बन्धमा विभिन्न निकायको भुमिका र दायित्व

**१. कार्यक्रम संचालक एकिकृत खर्क बिकास केन्द्रको जिम्मेवारी :**

१. जिल्ला पशु सेवा कार्यालयसंग भएको सम्झौता अनुरुप कार्यक्रम संचालन गर्ने ।

२. एकिकृत खर्क विकास कोष वा आवश्यकता अनुसार अन्य कोष मार्फत नै खर्क विकास सम्बन्धी काम गर्ने ।

३. आफ्नो इलाकाको पशु सेवा केन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।

४. स्थानीय जातका घासहरु संरक्षण संवर्द्धन गर्न र उन्नत जातका चरन घांस लगाउन प्रोत्साहन गर्ने ।

५. सम्भाव्य क्षेत्रमा बृहत खर्क विकास कार्यक्रम संचालन गर्नको लागि प्याकेजको रुपमा अभिमुखीकरण, स्थलगत तालीम, बीउमल, सिंचाई, बजारब्यवस्था सम्बन्धी कार्यक्रम संचालन गर्ने । तथा Rotation Grazing लाई प्रोप्साहन गर्ने गराउने ।

६. मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि (सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत वा प्राविधिकले आफै) जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

**२. पशु सेवा केन्द्र/उपकेन्द्रको जिम्मेवारी :**

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका एकिकृत खर्क विकास केन्द्र तथा निजी खर्क एवं घासको श्रोत केन्द्रहरुलाई नियमित निरिक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने

२. खर्क विकास कार्यक्रम संचालन गर्न कुनै किसिमको अप्ठ्यारो आइपरे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समयमै खवर गर्ने ।

३. बाह्रै महिना हरियो घास उत्पादन, हे र युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने बारे स्थानीय स्तरमा सम्बन्धित सरोकारवालाहरुलाई उत्प्रेरणा प्रदान गरी कार्यान्वयनमा सहयोग गर्ने ।

४. सामुदायिक तथा निजि खर्क विकास केन्द्रहरुवाट मासिक प्रगति संकलन गरी जि.प.से.का.मा मासिक प्रगति प्रतिवेदन पठाउने ।

**३. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी :**

१. सहकार्यको लागि छानिएका एकिकृत खर्क विकास केन्द्रहरुको विवरणहरु तयार गर्ने र (अनुसुचि ५ अनुसार) सम्झौता गर्ने ।

२. जिल्ला समन्वय समितिको निर्णय अनुसार बीउ/बेर्ना/स्लीप को गुणस्तर सम्बन्धित बीउ विजन प्रयोगशालाबाट जांच गराएर मात्र खरिद वितरण कार्य गर्ने गराउने ।

३. जिल्ला समन्वय समितिबाट निर्णय भए बमोजिम सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारी मार्फत घास विकास कार्यक्रम संचालन गर्ने ।

४. जिल्ला समन्वय समितिको निर्णय अनुसार न्यूनतम Criteria पुरा गर्ने एकिकृत खर्क विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई सम्बन्धित उत्पादन सामग्री/ उपकरणहरु उपलब्ध गराउने । यसको लागि खर्क विकास सम्भाव्यता, खर्क ब्यवस्थापनमा कृषकहरुको अग्रसरता, संलग्नता, ब्यवसायीकपन आदि आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने ।

५. च्याफकटर, हे बनाउने सामग्री, सिड विन, युरिया मोलासेस मिनरल ब्लक बनाउने सामग्री, सिलिङ मेसिन, बीउ सफा गर्ने उपकरण, रिकर्डिङ्ग फारम, रजिष्टर सम्बन्धित केन्द्रहरुलाई उपलब्ध गराउने ।

६. चरन खर्कमा घासेबाली तथा बीउ उत्पादन कार्यक्रमलाई प्रोत्साहन दिने ।

७. चरन घासेबाली उत्पादक श्रोत कृषक/समुह/समिति/सहकारीमा आवश्यकता अनुसार ब्यवसायीक बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

८. बाह्रै महिना हरियो घास आपुर्तिका कार्यक्रम, हे बनाउने कार्यक्रम, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने कार्यक्रम तथा चरन घासका श्रोत केन्द्र सुदृढिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

९. एकिकृत खर्क विकास केन्द्रहरुको प्रत्येक चौमासिकमा १ पटक अनिवार्य स्थलगत अनुगमन निरिक्षण गरि प्रतिवेदन पेश गर्ने तथा समय समयमा उक्त केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।

१०. स्थानीय संचार माध्यमहरुबाट खर्क तथा पशु आहारा सम्बन्धी जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।

११. जिल्लामा संचालित सबै खर्क तथा पशु आहारा विकास केन्द्रहरुको भिन्दा भिन्दै तथा एकगुष्ठ प्रगति संयोग गरि सम्बन्धित महिनाको १ गते भित्र अनिवार्य रुपमा मासिक, चौमासिक, बार्षिक प्रगति प्रतिवेदन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र तथा सम्बन्धित क्षे.प.से.नि.मा पठाउने ।

**४. चरन तथा बीउ बृद्धि फार्महरुको जिम्मेवारी :**

१. राष्ट्रिय चरन तथा पश आहारा केन्द्र र नेपाल कृषि अनुसन्धान परिषदसंग समन्वय गरी अन्य मुलुकबाट प्रजनन/मुल बीउ मगाउने, त्यसबाट फार्ममा मुल बीउ उत्पादन गरी कृषकहरुको माग बमोजिम आपुर्ति गर्ने ।

२. फार्मलाई क्षेत्रको माग बमोजिम घासको बीउको श्रोतकेन्द्रको रुपमा स्थापित गर्नको लागि बृहत रुपमा घासेबाली बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

३. फार्म क्षेत्रका कृषकहरुलाई चरन घासेबाली तथा बीउ उत्पादनमा सवल, सक्षम बनाउन फार्म बाह्यक्षेत्रमा खर्क विकास र बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

४. फार्मको अत्यावश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिबृद्धि गर्ने ।

**५. राईजोवियम प्रयोगशालाको जिम्मेवारी :**

१. कार्यक्रमको अतिरिक्त माग बमोजिम जैविक मल उत्पादन तथा वितरणमा जोड दिने ।

२. गुणस्तरीय बीउ उत्पादन कार्यलाई टेवा पुर्‍याउन नमुना संकलन, प्रयोगशाला परिक्षण सेवालाई विस्तार गर्ने ।

३. प्रयोगशालाको अत्याबश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिबृद्धि गर्ने ।

**६. राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको जिम्मेवारी :**

१. कार्यक्रमको प्रमुख संयोजकको रुपमा काम गर्ने ।

२. अभियान सफल पार्न आवश्यक पर्ने सामाग्री/उपकरणहरु खरिद गरी सम्वन्धित जिल्ला तथा केन्द्रहरुलाई उपलब्ध गराउने ।

३. जनचेतना अभिबृद्धिको कार्यक्रमहरु संचालन गर्ने, गराउने ।

४. सेवा प्रदायक प्राविधिकको लागि आवश्यक प्रचार प्रसार सामग्री, प्रकाशन, डायरी एवं खर्क विकास सम्बन्धी तालिमको व्यवस्था गराउने ।

५. आवश्यकता अनुसार जिल्लाहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।

६. कार्यक्रम अनुसार उत्कृष्ट सामुदायिक एकिकृत खर्क विकास केन्द्र तथा प्राबिधिक, सुपरिबेक्षक, जि.प.से.का.तथा कर्मचारीहरुलाई पुरस्कारको लागि सिफारिश गर्ने ।

७. गुणस्तरीय बीउ उत्पादनको लागि नेपाल कृषि अनुसन्धान परिषदको संलग्नतामा मुल बीउ खरिद गरि फार्म तथा श्रोत केन्द्रहरुलाई उपलब्ध गराउने ।

८. खर्क तथा घाँस विकास तथा बीउ उत्पादन, पशु आहारा सुधार, कृषि उपपदार्थहरुको उपयोगिता तथा पौष्टिकता बृद्धि सम्बन्धी तालिमहरु संचालन गर्न पशु सेवा तालिम तथा प्रसार निर्देशनालय संग समन्वय गर्ने ।

९. सरोकारवालाहरुलाई संलग्न गराई चौमासिक तथा बार्षिक रुपमा समिक्षा गोष्ठी गर्ने ।

१०. कार्यक्रम संचालन गर्न आवश्यक पर्ने मेशीनरी औजार सामाग्रीहरुको खरिदको लागि आवश्यक प्रक्रियाहरु पुरा गरि खरिद गर्ने/गराउने ।

११. अपेक्षित उपलब्धि प्राप्तिका लागि जिल्ला पशु सेवा कार्यालय तथा एकिकृत खर्क विकास केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र सो को प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

१२. कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन संयोग गरि महिना सकिएको पाँच दिन भित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

७. क्षेत्रीय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी :

१. कार्यक्रम सफलतपूर्वक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

२. जिल्लामा संचालित खर्क विकास तथा पशु आहारा सुधार अभियान कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३. खर्क विकास कार्यक्रमको क्षेत्रगत रुपमा चौमासिक र बार्षिक प्रगति विवरण तयार पारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

८. पशु सेवा तालिम तथा प्रसार निर्देशनालयको जिम्मेवारी :

१. एकिकृत खर्क विकास केन्द्रका प्राविधिकहरुलाई राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र संगको समन्वयमा खर्क विकास सम्बन्धी तालिम प्रदान गर्ने ।

२. कार्यक्रम अन्तर्गत संचालित तालिमको प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।

३. तालिम पाठयक्रम, सहभागी छनौट तथा तालिम विधिमा आवश्यक परिमार्जन गर्ने ।

४. अभियान कार्यक्रम अन्तर्गत सञ्चालित तालिम कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

९. पशु उत्पादन निर्देशनालयको जिम्मेवारी :

१. कार्यक्रमको कार्यविधि र निर्देशिका तयार गरी स्विकृत गराउने र कार्यान्वयनमा ल्याउने ।

२. स्विकृत कार्यविधि र निर्देशिका अनुसार कार्यक्रम बजेट र अख्तियारी स्विकृत गराई सम्बन्धित कार्यालयहरुलाई पठाउने ।

३. कार्यक्रम कार्यान्वयन गर्न सम्वन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरु संग समन्वय गर्ने ।

४. कार्यक्रम कार्यान्वयनको प्रमुख केन्द्रीय निकायको नाताले अनुगमन र मूल्यांकन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त अनुगमन प्रतिवेदन अनुसार सम्वन्धित निकायहरुलाई सुधारको लागि पृष्ठपोषण गर्ने ।

५. कार्यक्रमको बार्षिक अद्यावधिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्ने गराउने ।

६. कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण संयोग गरि पशु सेवा विभाग र कृषि विकास मन्त्रालयमा पठाउने ।



57

अनुसुचि ३
सेवा सञ्चालन प्रकृया

| क.सं. | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| १. | सम्भावित गा.वि.स.हरुका स्थानिय निकाय, गै.स.सं., सहकारी संस्था, उपभोक्ता समिति, पशुपालक समुह तथा दफा ८ अनुसार गठित जिल्ला समन्वय समितिको बैठकबाट सहकार्यमा काम गर्ने आवेदन दिने एकिकृत खर्क बिकास केन्द्रमध्येबाट कार्यक्रम सञ्चानल गर्ने केन्द्रको छनौट गर्ने । यसका लागि जिल्ला पशु सेवा कार्यालयले आबश्यक व्यवस्था मिलाउने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला समन्वय समिति | ३० दिन |
| २. | छनौट भएका एकिकृत खर्क विकास केन्द्र संचालन गरिने स्थानको स्थलगत निरीक्षण गरी आवश्यक विवरणहरु अनुसुची ४ अनुसार तयार पार्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला समन्वय समिति | ७ दिन |
| ३. | छनौट भएका एकिकृत खर्क विकास केन्द्रसंग अनुसुची ५ अनुसार द्विपक्षीय सम्झौता सम्पन्न गर्ने । | जिल्ला पशु सेवा कार्यालय | २ दिन |
| ४. | एकिकृत खर्क विकास केन्द्रमा कार्यरत प्राविधिकलाई खर्क विकास तथा घासेवाली सम्बन्धी तालिम गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र तालिम तथा प्रसार निर्देशनालय | १५ दिन |
| ५. | एकिकृत खर्क विकास केन्द्र अन्तर्गत कृषक/समुह/समिति/सहकारी/नीजी फर्म/ कम्पनीलाई घास उत्पादनको लागि निःशुल्क बीउ तथा श्रोतकेन्द्रहरुमा घासको बीउ/बेर्ना/सेट्स उत्पादनको लागि निःशुल्क बीउ, मल, औषधी उपलब्ध गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/चरन तथा घासेवाली बीउ बृद्धि फार्म/ जि.प.से.का. | १५ दिन |
| ६. | एकिकृत खर्क विकास केन्द्रहरुको दिगो संचालनको लागि सामुदायिक खर्क विकास अनुदान कार्यक्रम परिचालन गर्ने । सो कार्यक्रमबाट अनुदान स्वरुप रकम उपलब्ध गराउने । | जि.प.से.का., क्षे.प.से.नि. | ७ दिन |
| ७. | घासेबाली तथा बीउ उत्पादन कार्यक्रममा सिंचाई सुविधाको लागि आवश्यक सामग्री/उपकरणहरु ( पम्पसेट, पाईप, मोटर, पोखरी निर्माण), सिड विन, हार्भेष्टर, थ्रेसर, च्याफकटर सहकार्यमा उपलब्ध गराउने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| ८. | घुम्ती गोठ व्यवस्थापनको लागि टहरो, घोडेटो, काठेपुल, पिउने पानी व्यवस्था, फेन्सीङ्ग आदिको लागि ५० प्रतिशत अनुदान र ५० प्रतिशत खर्क उपभोक्ता समुह/समितिको लगानीमा उपलब्ध गराउने | जि.प.से.का., जि.ब.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | |
| ९. | कृषि उपपदार्थको पौष्टिकता बृद्धि गरी अधिकतम उपयोगको लागि फोडर ब्लक मेकिङ मेसिन, हे बेलिङ मेसिन, पावर टिलर, र अन्य आवश्यक उपकरण/सामग्री खर्क उपभोक्ता समूह/समितिको लगानीमा उपलब्ध गराउने । | जि.प.से.का., राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| १०. | जिल्लामा खर्क विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा जिल्ला समन्वय समितिबाट एकिकृत खर्क विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई कति क्षेत्रफलमा खर्क | जिल्ला पशु सेवा कार्यालय, जिल्ला समन्वय समिति | आवश्यकता अनुसार |



57

| क.सं. | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| | सुधार तथा घास विकास गर्ने सो निर्णय गरी सोही अनुसार वीउ/विरुवा/सेट्स उपलब्ध गराउने । | | |
| ११. | जिल्लामा खर्क विकास सम्वन्धी कार्यक्रमहरु संचालन गर्दा सम्वन्धित उत्पादन सामग्री/उपकरणहरु न्यूनतम Criteria पुरा गर्ने एकिकृत खर्क विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई निशुल्क वा सहकार्यमा उपलब्ध गराउंदा जिल्ला समन्वय समितिवाट निर्णय गराएर मात्र उपलब्ध गराउने । यसको लागि चरन घास विकास सम्भाब्यता, घास तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, ब्यवसायीकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला समन्वय समिति | आवश्यकता अनुसार |
| १२. | जिल्लामा स्थापित प्रत्येक एकिकृत खर्क विकास केन्द्रले बर्षे, हिउदे, बहुबर्षे, डाले घास लगाईएको, घासेबालीको बीउ उत्पादन, हे, UMMB उत्पादनको नियमित अभिलेख राखी महिनाको ३० गते भित्र अनिवार्य रुपमा सम्वन्धित जि.प.से.का.मा प्रगति पठाउने । | एकिकृत खर्क विकास केन्द्रहरु | महिनाको १ पटक |
| १३. | जिल्ला पशु सेवा कार्यालयहरुले प्रत्येक एकिकृत खर्क विकास केन्द्रको भिन्दाभिन्दै तथा एकमुष्ट कम्पाइल गरेर मासिक, चौमासिक र बार्षिक प्रगति अनिबार्य रुपमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र सम्बन्धित क्षे.प.से.नि.मा पठाउने । | जि.प.से.का. | महिना १२ चौमासिक ३ अष्टमासिक१ बार्षिक १ |
| १४. | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले प्रत्येक जिल्लाको प्रगति विवरण एकमुष्ट संयोग गरी ( मासिक, चौमासिक र बार्षिक) महिनाको ७ गते भित्र अनिवार्य रुपमा पशु उत्पादन निर्देशनालय पठाउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | महिना १२ चौमासिक ३ अष्टमासिक १ बार्षिक १ |
| १५. | कार्यक्रम सफलतापुर्वक संचालन गर्न गराउन आफ्नो मातहतका जि.प.से.का. तथा साझेदार संस्थाहरुको सहकार्यमा संचालित एकिकृत खर्क विकास केन्द्रहरुको अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने । | क्षे.प.से.नि.हरु/पशु उत्पादन निर्देशनालय | आवश्यकता अनुसार |
| १६. | क्षे.प.से.नि. ले एकिकृत खर्क विकास केन्द्र तथा जिल्लाको खर्क विकास कार्यक्रमको निरिक्षण अनुगमन गरि राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा चौमासिक रुपमा समस्या र समाधानका उपायहरु सहित प्रतिवेदन दिने । | क्षे.प.से.नि.हरु/पशु उत्पादन निर्देशनालय | चौमासिक १ पटक |
| १७. | जिल्ला पशु सेवा कार्यालय तथा एकिकृत खर्क विकास केन्द्रहरुले खर्क विकास कार्यक्रमबारे कुनै किसिमको थप जिज्ञासा तथा अन्य कुनै जानकारी चाहिएको अवस्थामा यस कार्यक्रमको प्रमुख संयोजक राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा सिधा सम्पर्क राख्ने । | जि.प.से.का.र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रहरु/पशु उत्पादन निर्देशनालय | आवश्यकता अनुसार |



58

| क्र.सं. | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| १८ | घासेबाली तथा बीउ उत्पादन गर्ने उत्कृष्ट कृषक/समुह/समिति /सहकारी लाई प्रोत्साहन स्वरुप पुरस्कारको लागि सिफारिस गर्ने । | जि.प.से.का., क्षे.प.से.नि. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्ररु/पशु उत्पादन निर्देशनालय | आवश्यकता अनुसार |
| १९ | जनचेतना अभिबृद्धिको लागि अभिमुखीकरण तथा विभिन्न किसिमका पर्चा, पम्पलेट, लिफलेट, तथा स्थानिय एफ.एम.हरुबाट कार्यक्रमबारे प्रचार प्रसार गर्ने । | जि.प.से.का.,पशु उत्पादन निर्देशनालय, रा.च.प.आ.के. रु/पशु उत्पादन नि. | आवश्कता अनुसार |

# अनुसुची ४

## सहकार्यमा काम गर्ने एकिकृत खर्क विकास केन्द्रले सम्झौता पूर्व उपलब्ध गराउनु पर्ने विबरणहरु

१ स्थानिय निकाय/संस्थाको नाम :-
२ ठेगाना :-
३ नजिकको सेवा केन्दको विवरण :-
४ सेवा प्रदायक/प्राविधिकको नाम :-
५ उपभोक्ता समुह वा अन्य सहकार्य संस्था भए सो को विवरण :-
६ सेवा प्रदायक भई कार्य गर्न संस्थासंग भएको सम्झौताको प्रतिलिपि :-
७ सम्बन्धीत पशु सेवा केन्द्र/उपकेन्द्रको विवरण :-
८ गा.वि.स.को पशु तथ्याङ्क :-

| पशु विवरण | कुल जम्मा | स्थानिय नश्ल | उन्नत नश्ल | दुहुना |
|---|---|---|---|---|
| गाई | | | | |
| भैंसी | | | | |
| भेडा | | | | |
| बाखा | | | | |
| चौरी/याक/नाक | | | | |
| घोडा/खच्चड | | | | |

९ नजिकको दुग्ध उत्पादक सहकारी संस्थाको नाम :-
ठेगाना :-
१० खर्क विकास गर्न सम्भाव्य जग्गाको क्षे.फ. (हेक्टरमा) :-
११ खर्क बिकास गर्न सम्भाव्य जग्गाको सिमाना (चार किल्ला) :-
१२ खर्क विकास गर्न सम्भाव्य जग्गाको प्रकार :-
१३ चरन घास खेती विषयगत प्राबिधिकको विवरण :-
१४ चरन घास खेती योजना :-
१५ कृषि उपपदार्थ उपयोग योजना :-
१६ बैंक खाता संचालन भएको भए बैंकको नाम, खाता नं., खाताको किसिम र खाताबालाहरुको नाम :-

अनुसुची ५

## सहकार्यमा काम गर्ने एकिकृत खर्क विकास केन्द्रसंग हुने सम्झौता पत्रको नमुना

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रद्धारा जिल्ला पशु सेवा कार्यालय........................मार्फत संचालन गरिने चालु आ.व. ............. को स्विकृत खर्क विकास कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालय .................................. (यसपछि पहिलो पक्ष भनिने) र श्री ................................... ............................................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु मंजुर भई खर्क विकास कार्यक्रम सम्पन्न गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

तपसिल

(१) कार्यक्रम संचालनको लागि आवश्यक जग्गा वा स्थानको ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्ने छ ।

(२) कार्यक्रमको लागि चाहिने बीउ, मल, औषधी, स-साना उपकरणहरु प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

(३) एकिकृत खर्क विकास केन्द्रको लागि प्राविधिकको ब्यवस्था गर्नुपर्नेछ । एकिकृत खर्क विकास केन्द स्थापना गर्दा प्राविधिक (न्युनतम जे.टि.ए. पास) को ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।

(४) दिगोरुपमा कार्यक्रम संचालनको लागि सम्वन्धित संस्था दोश्रो पक्षले खर्क विकास सम्बन्धी क्रियाकलापहरु एकिकृत खर्क विकास कोष मार्फत नै संचालन गर्नुपर्नेछ । जुन कोषमा प्रथम पक्षले समेत कार्यक्रम अनुसार अनुदान रकम उपलब्ध गराउनेछ र अन्य सहयोगी निकायबाट समेत सहयोगको लागि आवश्यक पहल गर्नुपर्नेछ । नगरेमा नियम अनुसार कार्यवाही हुने ।

(५) खर्क विकास कार्यक्रम अन्तर्गत हरियो घास तथा बीउ बेर्ना उत्पादन, हे बनाउने, कृषि उपपदार्थको उपयोग आदि कार्यक्रम प्रथम पक्षको समन्वयमा प्रभावकारी रुपमा संचालन गर्नुपर्ने छ ।

(६) दोस्रो पक्षले नियमित रुपमा सम्पुर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडा गरी ब्यबस्थित तवरले राख्नुपर्नेछ ।

(७) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचामा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउनुपर्ने छ ।

(८) कुनै कारणबश कार्यक्रम संचालन हुन नसकेमा प्रथम पक्षबाट प्राप्त सम्पुर्ण उपकरण/सामाग्रीहरु दोस्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(९) यस सम्झौतामा उल्लेख नभएको अन्य ब्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुई पक्षको आपसी सहमति अनुरुप हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम: | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |



61

## अनुसुची ६
### अनुगमनको ढाँचा

(१) जिल्ला:-

(२) एकिकृत खर्क विकास केन्द्रको नाम र ठेगाना:-

(३) संचालक संस्थाको नाम र ठेगाना:-

(४) सेवा संचालन भएको साल र महिना:-

(५) सेवा प्रदायकको नाम र तालिम लिएको साल:-

(६) एकिकृत खर्क विकास कोष स्थापना भएको साल र महिना:-

(७) एकिकृत खर्क विकास कोष आम्दानी विवरण

जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त रकम:-

सहकार्य संस्थाबाट प्राप्त रकम:-

अन्य संस्थाहरुबाट प्राप्त रकम:-

सेवा शुल्कबाट (२०%) रकम:-

कुल जम्मा रकम रु.-

(८) एकिकृत खर्क विकास कोष खर्च विवरण

कोष खर्च गरी गरिएका कार्य विवरण :

हाल सम्मको जम्मा खर्च रु.:

कोषमा बाँकी मौज्दात रकम:-

(९) एकिकृत खर्क विकास कोषबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्या:-

(१०) एकिकृत खर्क विकास कोषमा रकम सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकम:-

(११) चरन घास विकास कार्यक्रमको अभिलेख

| | चरन घास विकास (हेक्टरमा) | | | | |
|---|---|---|---|---|---|
| | हिउंदे | वर्षे | बहुबर्षिय | डाले | जम्मा |
| गत महिना सम्मको | | | | | |
| यसमहिनाको | | | | | |
| जम्मा | | | | | |

(१२) खर्क विकास कार्यक्रमको अभिलेख

| | खर्क विकास अभिलेख(हेक्टर) | | | |
|---|---|---|---|---|
| विवरण | उच्च पहाड | मध्य पहाड | तराई | जम्मा |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

(१३) हाल सम्म लगाईएका चरन घासको विवरण (हे.)

| | हिउंदे | वर्षे | बहुबर्षिय | डाले |
|---|---|---|---|---|
| कोशे | | | | |
| अकोशे | | | | |
| स्थानीय घास | | | | |

(१४) कृषि उपपदार्थ सुधार र उपयोगको लागि भएका प्रयासहरु :

(१५) अन्य सुझाव केही भए:-

निरीक्षण कर्ताको नाम:-

पद

निरीक्षण मिति:-

हस्ताक्षर

सेवा प्रदायक वा संचालकको नाम:-

मिति

हस्ताक्षर



62

अनुसुची ७

## घाँसको नर्सरी स्थापना सम्बन्धि व्यवस्था

घाँस विकास श्रोत केन्द्र, कृषक समुह/समिति/सहकारी, घासेबाली उत्पादक व्यवसायिक कृषकहरुमा घाँसको नर्सरी स्थापना गरी वेर्ना/स्लीप उत्पादन गर्नको लागि तपसील बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

संचालन प्रकृया :

१. जिल्ला पशु सेवा कार्यालयको समन्वयमा घासेबाली उत्पादक व्यवसायीक कृषक/समुह/समिति/सहकारी वा घास विकास श्रोत केन्द्र भएको स्थानमा उक्त केन्द्रलाई घासको नर्सरी स्थापनाको लागि छनौट गरिनेछ । यसरी श्रोत केन्द्र छनौट गर्दा घासको बेर्ना/स्लीप उत्पादन हुने सम्भाव्यता र नर्सरीको लागि न्यूनतम आबश्यकता पुरा गर्ने समुहलाई मात्र छनौट गर्नु पर्नेछ । स्थानीय आवश्यकता र समुहको दक्षताको आधारमा बहुबर्षिय र डाले घासको अलग अलग वा दुबै नर्सरी स्थापना गर्न सकिनेछ । एउटा नर्सरीको क्षेत्रफल कम्तीमा २ रोपनीको हुनुपर्ने छ ।

२. उक्त कृषक समुहलाई अन्तरकृया गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । यसै प्रकृयामा जिल्ला पशु सेवा कार्यालयले समुहसंग डाले घास वा बहुबर्षिय घासको नर्सरीबाट बार्षिक बेर्ना/ स्लीप उत्पादनको लागि सम्फौता गरिनेछ ।

३. नर्सरी ब्यवस्थापन तालिम ३ दिने (स्थलगत तालिम) संचालन गरी कृषकहरुलाई नर्सरीका प्राविधिक र ब्यवस्थापकीय पक्षबारे जानकारी गराईने छ ।

४. नर्सरी स्थापनाको लागि आवश्यक बीउ/बेर्ना/स्लीप/पोलिपट ढुवानी समेतको खर्च कार्यक्रमबाट निशुल्क उपलब्ध गराईने छ ।

५. नर्सरी संचालन गर्दा आवश्यक मल/औषधी/माईक्रोन्यूट्रियन्ट सहकार्यमा उपलब्ध गराईने छ ।

६. नर्सरी स्थापनाका लागि आवश्यक उत्पादन सामग्री/सिंचाई सामग्री/उपकरणहरु सहकार्यमा उपलब्ध गराईने छ । सहकार्य गर्दा कार्य संचालन प्रकृयामा तोकिए अनुसार गरिनेछ ।

७. यस प्रकृयाबाट नर्सरी स्थापना कार्यक्रम उक्त संस्थालाई एक पटकको लागि मात्र प्रदान गर्ने र त्यस पछि संस्था स्वयं आत्मनिर्भर हुनु पर्नेछ ।

८. नर्सरी स्थापना सम्बन्धी अन्य ब्यवस्था पशु सेवा विभागको विद्यमान नर्मस् बमोजिम संचालन गरिनेछ । कार्यक्रम संचालनका क्रममा दुविधा वा अस्पष्टता आईपरेमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालय र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र संग समन्वय गरी आवश्यक कार्य गर्ने गराउनु पर्ने छ ।

९. बाली बिमा निर्देशिका बमोजिम घासबालीको बिमा गर्नु पर्ने ।

द्रष्टब्य :

- *यस कार्यविधिमा उल्लेख नभएको विषयहरुको हकमा पशु सेवा विभागको मापदण्ड, निर्देशिका, नर्मस् तथा प्रचलित कानून बमोजिम हुने छ ।*
- *सबै कार्यक्रमहरु बिनियोजित बजेट र स्विकृत कार्यक्रमको परीधिं भित्र रही संचालन गर्नुपर्ने छ ।*



63